म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्षः१६ अङ्कः- १२५ २०८१ चैत्र १३ गते बुधबार 26 March 2025, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**कर्मचारी आवश्यकता**

हेटौँडा-४, पारिजातपथस्थित दाजुभाइ बेकरीका लागि एकजना लेखापाल आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकले तुरुन्त सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शैक्षिक योग्यता : व्यवस्थापन संकाय लिई कक्षा १२ उत्तीर्ण । स्नातक उत्तीर्णलाई प्राथमिकता ।

तलब/सुविधा : आपसी समझदारीमा तय गरिनेछ ।

सम्पर्क
दाजुभाइ बेकरी
हेटौँडा-४, पारिजातपथ (९८४५३८२८६९)

## कुलमान हटाएको विरोधमा हेटौँडामा प्रदर्शन




*वाइसीएल मकवानपुरको आयोजनामा विरोध प्रदर्शनमा उत्रिएकाहरु ।*

**समाज संवाददाता**

हेटौँडा : नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाएको विरोधमा हेटौँडामा प्रदर्शन भएको छ । योङ कम्युनिष्ट लिग (वाइसीएल) मकवानपुरले प्रदर्शन गरेको हो ।

मंगलबार साँझ वाइसिएलका युवा तथा कुलमान समर्थकहरुले टुकी बत्ती सहितको जुलुस निकालेर सरकारको विरोध गरेका हुन् । विरोधसँगै उनीहरुले सरकार विरोधी नाराबाजीसहित नगर परिक्रमा गरेका थिए । विरोध प्रदर्शन गर्ने क्रममा प्रदर्शनकारीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला जलाएका थिए । पुत्ला दहन रोक्न खोज्दा सुरक्षाकर्मी र प्रदर्शनकारीबिच भएको घम्साघम्सीमा प्रहरी निरीक्षक बिमला कठायत घाइते भएकी छिन् । सो क्रममा ख्वपःगल्लीमा रहेको तरकारी बजार क्षेत्र केहीबेर तनावग्रस्त बनेको थियो ।

सिमाचोकबाट टुकी बत्ती बाल्दै बुद्धचोक, उद्योग वाणिज्य संघ चोक, कान्तिराजपथ, खोप्पे गल्ली हुँदै सिमाचोक पुगेर कोणसभामा परिणत भएको थियो । जनविरोधी सरकार मुर्दावाद, नलायक उर्जामन्त्री राजिनामा दे, गणतन्त्र जिन्दावाद, दलहरू होसियार, कुलमानको निर्णय फिर्ता गर, विद्युत माफियाको चलखेल बन्द गर जस्ता नारा लगाएका थिए । सरकारले सोमबार कुलमान घिसिङलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरी हितेन्द्रदेव शाक्यलाई प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गर्ने निर्णय गरेको थियो । कुलमान घिसिङलाई हटाउने सरकारको निर्णयको सर्वत्र विरोध भइरहेको छ ।

कुलमान घिसिङलाई हटाउने निर्णयप्रति सत्ता साझेदार नेपाली काँग्रेसले समेत बिमति जनाइरहेको छ । यता प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहित अन्य दलले पनि घिसिङलाई हटाउने निर्णयको विरोध जनाएको छ । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले पनि घिसिङलाई हटाउने निर्णयको बचाउ गरिरहेको । कुलमान घिसिङले भने सरकारको निर्णयलाई स्वीकार्ने वा कानूनी उपचारको बाटोमा जाने भन्ने विषयमा छलफल भइरहेको प्रतिक्रिया दिनुभएको छ ।

## बागमती प्रदेशसभा बैठक चैत १९ गते बस्ने



**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेशसभाको बैठक आगामी चैत १९ गते बस्ने भएको छ । प्रदेशसभाका सभामुख भुवन कुमार पाठकले प्रदेश सभा बैठक १९ गते १ बजेका लागि आव्हान गर्नुभएको हो ।

बैठकमा संशोधनका लागि प्राप्त ४ विधेयकलाई पारित गर्ने कार्यसूचि रहेको सभामुख पाठकले जानकारी दिनुभयो । प्रदेशसभाको हिउँदे अधिवेशन अन्तर्गत दोस्रो कार्यकालको पाँचौ अधिवेशनको सातौं बैठक आह्वान गरिएको उहाँले बताउनुभयो । संसदीय समितिमा विचाराधीन रहेको संशोधन विधेयकका प्रतिवेदन पेश गरी पारित गर्नुपर्ने भएकाले प्रदेश सभा बैठक आव्हान गरिएको उहाँले बताउनुभयो । यसअघि प्रदेशसभाको गत माघ १८ गतेबाट सुरु भएको हिउँदे अधिवेशन अन्तर्गत माघ २३ मा २, माघ २४ मा १ र माघ २६ मा २ वटा बैठकहरु संचालन भएका थिए । सो पश्चात अनिश्चितकालका लागि स्थगित भएको बैठक २ महिनापछि आह्वान गरिएको हो ।

गत माघ २६ गते बसेको प्रदेशसभा बैठकले प्रदेश खेलकुद विकास ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको थियो भने अन्य ४ विधेयकलाई संसदीय समितिमा छलफलका लागि पठाएको थियो । प्रदेशसभाकी सूचना अधिकारी हेमा न्यौपानेका अनुसार प्रदेशसभाको बैठकले विषयगत समितिमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान २०७६ लाई संशोधन गर्न बनेको विधेयक, कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन पेश हुनेछ ।

प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाबाट फिर्ता भई आएको प्रदेश कृषि विकास विधेयक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि संशोधन सहित प्रतिवेदन पेश हुने कार्यसूचि रहेको उहाँको भनाई छ । प्रदेश सभा बैठक आव्हान भएसँगै संसदीय समितिको बैठक बसेत बोलाइएको छ । सूचना अधिकारी न्यौपानेका अनुसार शिक्षा, स्वास्थ्य तथा कृषि समितिको बैठक चैत १३ र १४ गतेका लागि बोलाइएको छ भने उद्योग पर्यटन तथा वातावरण समितिको बैठक चैत १७ र १८ गते बस्ने तय भएको छ । उक्त बैठकले प्रदेश सभामा पेश हुने संशोधन विधेयकको प्रतिवेदनलाई अन्तिम रुप दिने उहाँको भनाई छ ।

## म्यानेजमेन्टका विद्यार्थीलाई १० लाख बीउ पुँजी



*द एड मेकर्सका सक्षम ज्ञवालीलाई बीउ पुँजी ४ लाख रुपैयाँको चेक हस्तान्तरण गर्नुहुँदै म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशी ।*

**समाज संवाददाता**

हेटौँडा : हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टले स्नातक तह अध्ययनरत विद्यार्थीलाई व्यवसाय सञ्चालनका लागि बीउ पुँजी हस्तान्तरण गरेको छ । मंगलबार एक कार्यक्रमका बीच उद्यम तथा व्यवसायको प्रवर्धन गर्ने कम्पनिको रुपमा सञ्चालित द एड मेकर्सलाई कुल १० लाख रुपैयाँ बीउ पुँजी मध्ये दोस्रो किस्ता वापत ४ लाख रुपैयाँ बीउ पुँजी हस्तान्तरण गरेको हो ।

म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले द एड मेकर्सका सञ्चालक वाणिज्य संकायमा स्नातक तह तृतीय वर्षमा अध्ययनरत विद्यार्थी सक्षम ज्ञवालीलाई ४ लाख रुपैयाँ हस्तान्तरण गर्नुभएको हो । यसअघि पनि ज्ञवालीलाई म्यानेजमेन्टले बीउ पुँजी हस्तान्तरण गरेको थियो । एक वर्षअघि एक लाख ५० हजार रुपैयाँ बीउ पुँजी हस्तान्तरण गरेको म्यानेजमेन्टले २ महिनापछि थप ४ लाख ५० हजार रुपैयाँ हस्तान्तरण गर्नेछ ।

विश्वविद्यालय अनुदान आयोग (युजीसी) मार्फत प्राप्त बीउ पुँजी विद्यार्थीलाई हस्तान्तरण गरिएको प्रिन्सीपल पुरनबहादुर जोशीले जानकारी दिनुभएको छ । विद्यार्थीलाई उद्यमशीलता र नवप्रवर्तनमा प्रेरित गर्न म्यानेजमेन्टले ओपन इनोभेसन हव नै स्थापना गरेर सञ्चालन गरिरहेको छ । पहिलो किस्ता वापतको एक लाख ५० हजार रुपैयाँ ज्ञवालीले फिर्ता गरिसकेका छन् ।

उद्यम तथा व्यवसायको विज्ञापन निर्माणको काम गर्ने द एड मेकर्सले १ सय भन्दा बढी सेवाग्राहीलाई सेवा गरि सकेको र अहिले पनि २० वटा नियमित सेवाग्राही रहेको ज्ञवाली बताउनुहुन्छ । ज्ञवालीले अब प्राप्त हुने रकम लगानी गर्ने क्षेत्रका बारेमा पनि बताउनुभएको छ । हालसम्म १२ लाख ७६ हजार रुपैयाँ लगानी भइसकेको कम्पनिका लागि प्राप्त बीउ पुँजीले व्यवसाय विस्तार गर्न, कम्पनिको कार्यालय व्यवस्थापनमा पनि सहयोग पुग्ने ज्ञवालीको भनाइ छ ।

हेटौँडा स्कूल अफ म्यानेजमेन्टको रणनीति तथा नवप्रवर्तन विभागका प्रमुख दिपेश खनालले सक्षम जस्तै अरु पनि विद्यार्थीहरु व्यवसाय, उद्यममा क्रियाशील रहेको जानकारी दिनुभयो । म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीले महत्वाकांक्षी परियोजनाको रुपमा विद्यार्थीलाई उद्यमशीलता र नवप्रवर्तनमा जोडी बीउ पुँजी दिने काम गरिएको बताउनुभयो । विश्वविद्यालय अनुदान आयोगले निजी शैक्षिक संस्थामार्फत बीउ पुँजी दिने व्यवस्था नहुँदा पनि आफूहरुले माग गरेर विद्यार्थीलाई वितरणको व्यवस्था मिलाएको बताउनुभयो । विश्वविद्यालय अनुदान आयोगले विद्यार्थीलाई बीउ पुँजी वितरण गर्न म्यानेजमेन्टलाई पहिलो किस्तावापत १७ लाख १० हजार रुपैयाँ दिएको छ ।



# विद्यार्थी परिचय



**हन्ना थामी**
**कक्षा : ५**
**विद्यालय : रेडरोज एकेडेमी, हेटौंडा-४**

हन्ना हेटौंडा-४ स्थित रोज एकेडेमीको कक्षा ५ मा अध्ययन गर्नुहुन्छ। हन्ना विद्यालयको क्याप्टेन पनि हुनुहुन्छ ।

हन्नाको विद्यालयमा ५ कक्षासम्म मात्र पढाई हुने भएकोले हन्नाको यो वर्ष विद्यालयमा अन्तिम वर्ष हो । हन्ना विद्यालयमा साथीहरुसँग बसेर खाजा खाने र गफ गर्ने गरेको बताउनुहुन्छ। हन्नाको विद्यालयमा शिक्षकहरुले विद्यार्थीलाई माया गर्ने गरेको र सिकाउने बेलामा पनि राम्रोसँग सिकाउने गरेको बताउनुहुन्छ ।

हन्नाको घरमा ६ जना हुनुहुन्छ । हजुरबुबा, हजुरआमा, बाबा, आमा र बहिनी । हन्नाको हजुरबुबा र हजुरआमा कपडा सिलाई गर्नुहुन्छ । हन्नाको बाबा व्यवसाय गर्नुहुन्छ र आमा घर गृहिणी हुनुहुन्छ। हन्नाले बाबालाई कामबाट घर आउनु भएपछि पानी दिने, घरमा आमालाई काम सघाउने र हजुरबुबा–हजुरआमालाई कपडा सिलाउने ठाउँमा सघाउने गर्नुहुन्छ। हन्ना बहिनीसँग खेल्ने र पढ्ने गर्नुहुन्छ। हन्ना भविष्यमा डाक्टर बन्ने इच्छा रहेको बताउनुहुन्छ। डाक्टर बनेर अरुलाई सहयोग गर्ने बताउनुहुन्छ। हन्ना मनोरञ्जनका लागि कथाका किताबहरु पढ्ने गर्नुहुन्छ। हन्नालाई चित्र बनाउन न पनि मन पर्छ।

# My best friend



**✍Sumani singh**

I have many friends. All of them are good, but Kristina is my best friend. we are friend since our childhood, Kritina is a tall and good looking girl, she is also very kind and helpful.


We live in the same society. She often comes to my home and help me in my studies. She is a brilliant student and a very good badminton player.

At school she always help to the weak student. Everyone in our locality, admires her because of her good behavior.

I really feel lucky to have her as my friend. May god give everyone a friend like Kristina.

*Class-5, Kamala Basic School, Hetauda-18*

# चित्रकला





**अनराज लामा**
**कक्षा-८, निर्मल मावि, हेटौंडा-१९**






**हिमाली हुमागाई**
**कक्षा-५, नवोदय शिशु सदन, हेटौंडा-४**





**विहान कार्की**
**कक्षा-४, कमाने एकेडेमी, हेटौंडा-८**

# नेपालमा बालबालिकाको अनलाइन यौन शोषण, चुनौती र समाधान



**✍भोजराज संजेल**

आजको डिजिटल युगमा इन्टरनेटले हाम्रो जीवनलाई सहज बनाएको छ। यसले बालबालिकाका लागि सिकाइ, मनोरञ्जन, र नयाँ अवसरहरू प्रदान गरे पनि यसको दुरुपयोगले गम्भीर समस्याहरु जन्माइरहेको छ । पछिल्लो समय नेपालमा अनलाइन माध्यमबाट बालबालिकाको यौन शोषण बढ्दै गइरहेको छ, जसले उनीहरुको मानसिक, शारीरिक र भावनात्मक स्वास्थ्यमा दीर्घकालीन असर पारिरहेको छ ।

यस लेखमा नेपालमा बालबालिकामाथि हुने अनलाइन यौन शोषणका स्वरूपहरू, यसको प्रमुख कारणहरु, कानूनी चुनौतीहरु, र सम्भावित समाधानबारे चर्चा गरिनेछ ।

**नेपालमा अनलाइन यौन शोषणका स्वरूपहरू**

नेपालमा अनलाइन बाल यौन शोषण विभिन्न रूपहरूमा भइरहेको छ, जसमा प्रमुख रूपमा निम्न पक्षहरू पर्दछन् :

१. बाल यौन दुर्व्यवहार सामग्री : इन्टरनेटमा बालबालिकाका अश्लील तस्बिर वा भिडियोहरु उत्पादन, वितरण वा व्यापार गर्ने गतिविधि यस अन्तर्गत पर्छ। उदाहरणका लागि, सन् २०२१ मा नेपाल प्रहरीले अनलाइनमा बाल यौन दुर्व्यवहार सामग्री फैलाउने एक व्यक्तिलाई पक्राउ गरेको थियो।

२. अनलाइन ग्रुमिङ : अपराधीहरूले बालबालिकासँग इन्टरनेटमार्फत सम्पर्क स्थापित गरी उनीहरूको विश्वास जित्ने, त्यसपछि यौन शोषण गर्न दबाब दिने प्रवृत्ति हो । नेपालमा सामाजिक सञ्जालहरुमा यस्तो शोषण बढ्दै गएको पाइन्छ ।

३. सेक्सटर्सन : अनलाइन ब्ल्याकमेलिङको एक रूप हो, जसमा बालबालिकालाई गोप्य जानकारी, तस्बिर, वा भिडियोहरू उपलब्ध गराउन बाध्य पारिन्छ, तिनलाई सार्वजनिक गरिदिने धम्की दिइन्छ ।

४. प्रत्यक्ष शोषण : अनलाइन प्लेटफर्महरूमा बालबालिकाको यौन शोषण प्रत्यक्ष रूपमा प्रसारण गर्ने प्रवृत्ति, जुन अन्तर्राष्ट्रिय अपराध सञ्जालहरूसँग समेत जोडिएको हुनसक्छ ।

**समस्या बढ्नुका प्रमुख कारणहरू**

नेपालमा अनलाइन यौन शोषण वृद्धि हुनुका पछाडि विभिन्न कारणहरू रहेका छन्, जसमध्ये मुख्य निम्न छन् :

१. डिजिटल साक्षरताको कमी : बालबालिका तथा अभिभावकहरु अनलाइन सुरक्षाबारे पर्याप्त सचेत छैनन् ।

२. सामाजिक सञ्जालको अनियन्त्रित प्रयोग : फेसबुक, टिकटक, इन्स्टाग्राम जस्ता प्लेटफर्महरु बालबालिकाका लागि सुरक्षित छैनन् ।

३. कानूनी संरचनाको कमजोरी : साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी कानूनी संरचना तथा प्रवर्तन अभाव ।

४. समाजको संवेदनशीलता अभाव : बाल यौन शोषणबारे खुला छलफल नहुनु तथा पीडितहरुलाई दोषारोपण गरिने प्रवृत्ति ।

**नेपालमा रहेका कानूनी चुनौतीहरू**

नेपालमा बालबालिकाको सुरक्षाका लागि विभिन्न कानूनी व्यवस्था भए पनि, तिनीहरुको कार्यान्वयन प्रभावकारी छैन ।

१. बालअधिकार ऐन, २०७५ : यस ऐनले बालबालिकाको सुरक्षासम्बन्धी प्रावधानहरु समेटेको छ, तर अनलाइन यौन शोषणसम्बन्धी स्पष्ट निर्देशना छैन ।

२. साइबर अपराध ऐन, २०६३ : इन्टरनेट दुरुपयोग नियन्त्रण गर्न बनाइएको ऐन भए पनि, प्रविधिको तीव्र विकासका कारण नयाँ प्रकारका अपराध नियन्त्रण गर्न अद्यावधिक गर्न आवश्यक छ ।

३. कार्यान्वयनको कमजोरी : प्रभावकारी अनुगमन, अनुसन्धान, र कार बाहीको अभावले गर्दा अपराधीहरू सजायबाट बच्न सफल भइरहेका छन् ।

**सम्भावित समाधानहरू**

नेपालमा बाल यौन शोषण रोक्न निम्न उपायहरु अवलम्बन गर्न आवश्यक छ :

१. अभिभावक तथा विद्यालयस्तरमा सचेतना कार्यक्रम

- बालबालिकालाई इन्टरनेट सुरक्षाबारे शिक्षित गराउने ।
- अभिभावकलाई आफ्ना सन्तानको अनलाइन गतिविधि निगरानी गर्न प्रोत्साहित गर्ने ।

२. कानूनी सुधार र प्रवर्तनको सशक्तीकरण

- बाल यौन शोषणसम्बन्धी कानूनी प्रावधानहरू अद्यावधिक गर्ने ।
- साइबर अपराध नियन्त्रणका लागि विशेष अनुसन्धान टोली गठन गर्ने ।

३. प्रविधिको सदुपयोग

- इन्टरनेट सेवा प्रदायकहरूलाई बाल यौन दुर्व्यवहार सामग्री हटाउन कानूनी रूपमा बाध्य पार्ने ।
- कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको प्रयोग गरी यस्ता सामग्री पहिचान र नियन्त्रण गर्ने ।

४. अन्तर्राष्ट्रिय सहकार्य

- इन्टरपोल, युनिसेफ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरी अनलाइन अपराध नियन्त्रण गर्ने ।

५. पीडितहरूको पुनःस्थापना र मनोवैज्ञानिक सहायता

- यौन शोषणबाट पीडित बालबालिकालाई परामर्श तथा पुनःस्थापनाको व्यवस्था गर्ने ।
- सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्य सुनिश्चित गर्ने ।


**निष्कर्ष** : नेपालमा अनलाइन यौन शोषण गम्भीर समस्या बन्दै गइरहेको छ। यसको रोकथामका लागि सरकार, समाज, कानूनी निकायहरु र प्रविधि कम्पनीहरूबीच समन्वय आवश्यक छ। 'सुरक्षित बाल्यकाल, सुरक्षित समाज' को नारालाई व्यवहारमा उतार्न सबै पक्षले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ। यदि तत्काल ठोस कदम नचालिए, भविष्यका पुस्ताहरु गम्भीर मानसिक, सामाजिक, र शारीरिक असरहरुको सामना गर्न बाध्य हुनेछन् । त्यसैले, अबको प्राथमिकता बालबालिकाको डिजिटल सुरक्षामा केन्द्रित हुनुपर्छ ।

महत्वपूर्ण सम्पर्क नम्बरहरू: - साइबर ब्यूरो: १६६००१४१५१६, - नेपाल प्रहरी: १०० - बाल हेल्पलाइन: १०९८

*प्रथम वर्ष, सिद्धार्थ ल कलेज हेटौंडा-२*

# छमछमको छमछमी

**(भाइबहिनीका किताब)**




**लेखक : अनुराधा**
**चित्र : नीति श्रेष्ठ**
**प्रकाशक : काठमाडौं पब्लिकेशन**
**मूल्य रू. २५०/-**
**उमेर समूह : ८ वर्षदेखि १० वर्ष**

यो सानी छमछमको कथा हो । छमछम भनेको को हो भन्ने लागेको होला नि, हैन ? छमछम चाहीँ यो कथा मुख्य पात्र एउटा मुसा । छमछमलाई दुईवटा कुरा असाध्यै मन पर्छन्, एउटा नाच्नु र अर्को चाहीँ मःमः खानु ।

आफूलाई मनपर्ने काम गर्न र मनपर्ने खानेकुरा खान भनेपछि हामी अघि बढिहाल्छौं । छमछमले आफूलाई मनपर्ने खानेकुरा खान मःमः पसलमै घर खोजेर बसेकी छिन् । तर एकदिन भयानक विपद् आइलाग्छ । के हुन्छ भने छमछमलाई मःमः पनि खुवाको सबैभन्दा बढी मनपर्छ । एकदिन उनी दुलोबाट निस्केर खुवा राखेको डेक्चिमा चढ्छिन् । के भएर हो कुन्नि टेबुल हल्लिएर चक्कु खस्छ । चक्कुले छमछमको पुच्छर च्वाट्टै काट्छ !

ओहो ! पुच्छरमा चाँप बाँधेर नाच्नुपर्ने छमछमलाई पुच्छर नै काटिएपछि के भयो होला ? अब काटिएको पुच्छर पो जोडिएला कि नजोडिएला ? त्यसका लागि कसलाई भन्ने होला ? केही त उपाय पक्कै लगाउलिन् नि हाम्री छमछमले पनि, होइन ?

छमछमको यो रमाइलो कथा बालसाहित्यमा थुप्रै किताब लेखिसक्नुभएकी अनुराधाले लेख्नुभएको हो । किताबलाई नीति श्रेष्ठले आफ्ना सुन्दर कला भरेर अझ आकर्षक बनाउनुभएको छ ।

कक्षा ५ सम्मका भाइबहिनीका लागि उपयोगी ७० पृष्ठको यो किताबको मूल्य २५० रुपैयाँ रहेको छ । काठमाडौं प्रकाशनबाट प्रकाशित यो किताब हेटौंडाका भाइबहिनीका लागि भैरबरोडमा रहेको किताबघरमा उपलब्ध छ ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**


**सम्पादक**

# तिमी पनि त बलिदानी छौ



**सरोजप्रसाद साह**

तिमी पनि त, बलिदानी छौ,
आऊ बलिदान गर।



तिमी, कृषक हौ...,
उब्जाऊ अन्न, धर्तीको छाती चिरेर,
चलाऊ हलो, बन्जर खेतमा पनि,
कति..., भोकै, छट्पटाइरहेका छन्,
आऊ, छिटो आऊ, अन्न दान गर ।।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।।



तिमी, शिक्षक हौ..., वैज्ञानिक, सिपाही र भविष्य,
निर्माण गर,
मस्तिष्कको, हरेक निउरोंसमा,
राष्ट्रनिर्माण भर,
नैतिकता, कौशल र उडान भर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।



तिमी, वैज्ञानिक हौ, आविष्कार गर,
रातदिन खटेर, देशको समृद्धि माथि,
अनुसन्धान गर,
नवयुगमा विचार गर ।
यो देश, तिम्रो पर्खाइमा छ,
समृद्धिको, आविष्कार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।

तिमी, विद्यार्थी हौ, ज्ञानमा विचार गर,
ज्ञानको कृषक बन, कृषकको ज्ञान बन,
यो राष्ट्र, तिम्रो, अमिट पर्खाइमा छ,
नवपथको, निर्माण गर ।
यहाँ, हरेक वनको, हरेक पात,
तिम्रो, पर्खाइमा छ,
नवयुगको, सुरुवात गर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।



तिमी, ड्राइभर हौ, उत्कृष्ट बाटो निर्धार गर,
सहि दिशा, निर्धार गरी,
मार्गदर्शन, तयार गर ।
मुलुक रूपी गाडी, तिम्रै हातमा छ, अब,
मार्गचित्र, सञ्चार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।



तिमी, डाक्टर हौ, असहाय, बिरामीको उपचार गर,
बलियो योद्धा, र स्वस्थ, देशको, निर्माण गर,
तिमीले, थाक्न मिल्दैनन् ।
तिमी देशको, जीवित भगवान हौ
राष्ट्रनिर्माताका, सारा घाउ र पीडाको, उपचार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।

तिमी, इन्जिनियर हौ.., अन्तरिक्ष ढाक्ने, रकेट निर्माण गर,
सबैका, सपनाको दरबार, तयार गर,
सहरारुपी छतको, ढलान गर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।



तिमी, पाइलट है.., समृद्धिको उडान भर,
बनी, नेपाली डाँफे, आकाशको, उदार गर ।
नेपालीहरु, लामो प्रतीक्षामा छन्,
गगनयान, तयार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।



तिमी, श्रमिक हौ.., पाखुराले, वार गर,
स्वप्नको देश, निर्माण गर,
समृद्धिको, हरेक ईट्टा, तिम्रो पर्खाइमा छन्,
मौलिकता, विज्ञान भर।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।

तिमी, जे-जे छौ, त्यहीँबाट सुरुवात गर,
तिम्रै आशमा, यो देश छ,
मातृऋण, भुक्तान गर।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ।।

# मेरा बा



**सम्बृद्धि सुवेदी**

रुन नआउने र कसैको मन छुन नआउने मेरा बा
मेरा सबै कुरा सुनी मेरो हर इच्छा पूरा गर्ने मेरा बा
मेरो जीवनको पहिलो पुरुष, भगवानरुपी मेरा बा
चप्पल दिन नसके मेरो पैताला मुनी आफ्नो हात ओछ्याउने मेरा बा ।

आफूलाई महङ्गो र हामीलाई सस्तो लुगा सुहाउँदैन भन्छन् बा
हाम्रो आँशु झरेको हेर्न सक्दिन भन्छन् बा
हाम्रो इच्छा पूरा गर्दागर्दै आफू को हो भुलिदिन्छन्
आफ्नो सन्तानका लागि ज्यान पनि त्यागिदिन्छन् ।

उनको पैतालामा कति फोका उठेका र हात कति काटेका होलान्
सायद कोही पनि छैनन् होला जो उनको कहानी सुनेर नरुने
तिम्रो अनुहारमा हाँसो देख्दा मेरो मन हर्षले भरिन्छ बा
तिम्रो छोरी भनी चिनिदा मलाई गर्व लाग्छ बा ।

बा ! कस्तो छुट्टै अनुभव र लगाव है यो शब्दमा
तिम्रो बारेमा महाकाव्य नै छोटो पर्छ के लेखुँ र यो कवितामा
नआत्तिनु तिमीलाई खुसी दिन तिम्रा सन्तान छँदै छन् नि बा
ती सन्तान जसले भोलि तिम्रो नाम शिखरमा पुऱ्याउने छन् नि बा ।

*कक्षा-७, नवोदय शिशु सदन, हेटौँडा-४*

# चिया



**आयुष शिवाकोटी**

चिसो बिहानीमा तातो चिया
न्यानो कपमा रमाउने चिया
थकान मेट्ने, हाँसो ल्याउने
हरेक पल मिठो बनाउने चिया ।

कहिले पानी कहिले दूध मिसाएर बन्ने
ज्यानलाई न्यानो र तातो राख्ने
परिवार साथीभाइसँग रमाइलो क्षण
चियासँगै चलिरहन्छ यो जीवन ।

गाउँघरको चुलोमा उम्लिएको चिया
सहरको क्याफेमा सजिएको चिया
जहाँ गए पनि चियाकै साथ
हरेकको मनमा छ विशेष स्थान ।

परिवार, आफन्त र इष्टमित्र
सबैलाई सम्मान गर्छ चिया
सबै उमेरले मन पराउने
विभिन्न प्रकारका हुन्छन् चिया ।

धेरै चिया पिउँदा हुन्छ चिनी रोग
चिया धेरै पिउँदा हराउँछ भोक
धेरै चिया पिउनाले ग्यास्ट्रिक बढाउँछ
ग्रीन टीले मोटोपना हटाउँछ ।

*कक्षा-७, नवोदय शिशु सदन, हेटौँडा-४*

# भ्रष्टाचारी



**सुजन पाखिन**

उठ्छु भन्छु उठ्न सक्दिन, ज्यान सारा गलेको छ,
एक बिर्कोमा ज्यान फाल्ने चलन चल्ती चलेको छ,

भ्रष्ट्राचारी पापीहरु, छ्याप छ्याप्ती छन् देशमा,
दिन दुखीको सुख छिनी, आनन्दले ढलेको छ,

घुसखोरीलाई स्वतन्त्रता अनि, निर्दोषलाई जेलमा राख्छन्,
देशको नियम कानुन सबै, कात्रो सरी जलेको छ,

रगत पसिनाको पैसालाई तलब को नाम लिई,
खेतमा धान फले जस्तै बैंकमा पैसा फलेको छ,

पीडित दुखी जनताहरु भन्छन् हामीलाई न्याय देउ,
भ्रष्ट्राचारीको छल-कपटले न्यायको खम्बा ढलेको छ,

राम्रालाई केहि गर्न दिन्न, हान्छन् बज्रपात उसलाई,
घुसखोरी र भ्रष्ट्राचारीमै देशको नियम चलेको छ ।

*कक्षा-१२, महेन्द्र मावि, बकैया-४*

# उज्यालो नेपाल कुलमान र राजनीति



**उजवल शर्मा**

ऊर्जा थेग्न नसक्ने अन्धकार रात,
देशभरिको सपना थियो बुझ्दै नगात ।
नजर झिमझिम, बत्ति निभथे,
बिजुलीको आशा पऱ्यो, मान्छे डराउँथे ।

तर आए कुलमान आशाको किरण,
लोडसेडिङ हटाएर दिए उज्यालो जीवन ।
साहस, इमान, संघर्षको सार,
उनकै प्रयासले चम्कियो संसार।

तर राजनीति खेल्न थाले,
योग्य हातलाई पछाडि धकेले ।
निष्ठा र इमानको भयो अपमान,
शक्तिका खेलाडी भए महान !

तर राजनीति खेलिदैछ,
इमानलाई पछि धकेलिँदैछ ।
जसले देश रोशन पारे,
त्यही हातलाई किन रोके ?

घामलाई बादलले छेक्न सक्छ,
तर उज्यालोको रेखलाई मेट्न सक्दैन ।

*ट्रिटन इन्टरनेशनल कलेज*

# मेरो रहर



**एन्जल पोखेल**

हरेक मानिसको हुन्छ रहर
रहर पुरा गर्ने ठाउँ सहर
रहर मेरो कति कति
गायक बन्न मन लाग्छ अति ।

गीत गुनगुनाउँछु आफ्नै भाकामा
गायक बन्ने सपना यहि मेरो आँखामा
मौका पाए भने एक चोटी
सबैको मनमा म बस्न सफल हुन्छु नि ।

लोक गीत अति मन पर्छ
यो मेरो रहर खै कहिले पूरा हुन्छ
गीत गाउन पाए लाग्दैन निन्द्रा, भोक
गीत रेकर्ड गराउने मेरो साह्रै धोको छ ।

*कक्षा-६, बालज्योति मावि, हेटौँडा-५*

# साथी



**प्रतियुशा स्याङ्तान**

साथी स्कुल जाऔँ न,
धेरै ज्ञान लिऔँ न,
फूलबारीमा फूल छ,
खोलामाथि पूल छ,

सँगै बस्ने मन छ,
टाढा जाने डर छ,
हात मुख धोएर, सँगसँगै खेलौँला,
सँगै घर फर्केर, खानासाना खाऔँला,

बिहान नै उठेर विद्यालय जाऔँला,
शिक्षकलाई देखेर नमस्कार गरौँला,
रमाइलो मान्दै, गृहकार्य गरौँला,
खेलकुद सँगै किताब पनि पढौँला ।

*कक्षा-८, ज्ञानदा मावि, हेटौँडा-१०*

बालबालिकालाई मैत्रीपूर्ण
वातावरणमा पढ्न,
लेख्न सिकाउन
अभिभावक जिम्मेवार बनौं ।

# राक्सिराङको एक हजार ५ सय घरधुरीमा अझै पुगेन विद्युत्

जमुना थिङ

हेटौंडाः सोमबार एक समारोहबीच नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङले राक्सिराङ गाउँपालिकालाई पूर्ण विद्युतीकरण वडा घोषणा गर्नुभयो । राक्सिराङ गाउँपालिका-९, खैराङस्थित कार्लाङकी ७० वर्षकी टुलकुमारी प्रजाको घरको विद्युत् मिटर 'अन' गरेर पूर्ण विद्युतीकरण वडा घोषणा गरिएको हो ।

पूर्ण विद्युतीकरण वडा घोषणा भएकै दिन घिसिङलाई नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाएको छ । अन्धकार ग्रामीण बस्तीलाई उज्यालो बनाउन राक्सिराङको खैराङ पुगेका घिसिङले भन्नुभयो- 'राक्सिराङमात्र होइन, नेपालको जुनसुकै विकट क्षेत्र भए पनि अन्धकार ठाउँमा उज्यालो दिन प्राधिकरण प्रतिबद्ध छ ।' उहाँले देशमा विद्युत् सेवा नपुगेको ठाउँ प्राधिकरणले खोजी गरिरहेको र हरेक नागरिकको पहुँचमा विद्युत् सेवा पुऱ्याउन खर्च गर्न तयार रहेको जानकारी दिनुभयो । उहाँले राक्सिराङका सबै नागरिकको घरमा वर्षायाम अघि नै विद्युत् पुऱ्याउन मातहतका कार्यालयलाई निर्देशन दिनुभएको छ ।

राक्सिराङ गाउँपालिकाले आर्थिक वर्ष २०७६/०७७ देखि चेपाङलाई बिजुली कार्यक्रम अघि बढाएको थियो । कार्यक्रमबाट राक्सिराङ गाउँपालिका-७, काँकडा र ९ नम्बर वडा खैराङका करिब ७ सय चेपाङ समुदाय लाभान्वित भएका छन् । महंगो उपकरण, भिरालो जमिन र भौगोलिक विकटताले गर्दा अझै पनि सबै चेपाङ समुदाय विद्युतको पहुँचमा छैनन् । काठको पोल र नाङ्गो तारसमेत विस्थापित गर्न सकिएको छैन ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले अझै पनि करिब १ हजार ५ सय घरधुरीमा विद्युत् पुऱ्याउन नसकिएको जानकारी दिनुभयो । 'बल्लतल्ल लामो समयपछि करिब ७ सय घरलाई लभान्वित हुने गरी पूर्ण विद्युतीकरण वडा घोषणा गर्न सफल भयौं', अध्यक्ष मल्लले भन्नुभयो- 'भौगोलिक विकटताका, महंगो उपकरण, भिरालो जमिन र छरिएर रहेका बस्तीले गर्दा अझै पनि उक्त समुदायलाई विद्युतको पहुँचमा पुऱ्याउन सकिएको छैन ।' नेपाल विद्युत् प्राधिकरणले काठे पोल र नाङ्गा तार विस्थापित गरेर बिजुली कार्यक्रमलाई प्राथमिकता दिए विद्युतको पहुँच बाहिर रहेका समुदायलाई छिट्टै विद्युत सेवा दिन सकिने अध्यक्ष मल्लको विश्वास छ ।

'अरुको घरमा बिजुली बत्ती बल्न थाले पनि मेरो घरमा बिजुली बत्ती अझै पुगेको छैन', राक्सिराङ-९, खैराङका धुरु प्रजा भन्नुहुन्छ- '२१ औं शताब्दीमा पनि सोलार बालेर बस्न बाध्य छौं ।' विगतमा टुकी, दियालो बालेको स्मरण गर्दै उहाँले अहिले सोलारको उज्यालोमा जीवन व्यतित गर्दै आइरहेको जानकारी दिनुभयो ।

## ७० वर्षको उमेरमा बिजुली बत्ती देखेपछि दंगः टुलकुमारी

हेटौंडाः सोमबार मकवानपुरको राक्सिराङ गाउँपालिकाको ९ वटै वडामा विद्युत् सेवा पुग्यो । राक्सिराङ-९, खैराङस्थित कार्लाङकी ७० वर्षीया टुलकुमारी प्रजाको घरमा पनि विद्युत् सेवा पुगेको छ । जस्ताको छानो, ढुंगामा माटोले लिपिएको र काठको झ्याल, ढोका भएको टुलकुमारीकै घरको मिटर अन गरेर पूर्ण विद्युतीकरण वडा घोषणा गरियो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँगै टुलकुमारीले पनि मिटर अन गरेर बिजुली बत्ती बाल्न पाएपछि दंग पर्नुभयो । उहाँ भन्नुहुन्छ- 'घरमा छोरा बुहारीसँगै नातिनातिना छन् । दियालो र टुकी बत्तीको भरमा रात बिताउन बाध्य थियौं । साँझ परेसँगै दिनभर विद्यालयमा पढेर आएका नातिनातिनीलाई गृहकार्य र पढ्न समस्या हुन्थ्यो ।' अब त्यो समस्या हल भएकाले खुसी भएको उहाँले बताउनुभयो ।

टुलकुमारीमात्रै होइन, कार्लाङ र खैराङका स्थानीयहरु गाउँमा बिजुली पुगेपछि निकै खुसी छन् । किन्न र जोड्न सक्नेका घरमा सोलारको सहारा थियो भने निम्सराको घर टुकीकै भरमा उज्यालो पारिन्थ्यो । त्यो पनि मट्टितेल किन्न नसकेर वनका सल्लाको दियालोकै भर पर्नेको संख्या पनि उत्तिकै थियो । अब मासिक ३० रुपैयाँ तिरेर बिजुली बत्ती बाल्न पाएपछि खुसी भएको राक्सिराङ गाउँपालिका-९, खैराङकी सीताकुमारी प्रजाले जानकारी दिनुभयो ।

२०७८ को जनगणनाअनुसार २५ हजार ९ सय ९६ जनसंख्या रहेको राक्सिराङमा ५ हजार ४४ घरधुरी छ । अझै पनि करिब १ एक हजार ५ सय घरधुरीमा विद्युतको पहुँच पुग्न सकेको छैन । चेपाङसँगै राक्सिराङमा तामाङ, नेवार, ब्राह्मण समुदायको पनि बसोबास रहेको छ । गाउँपालिकाको एक करोड रुपैयाँ, बागमती प्रदेश सरकारको एक करोड रुपैयाँ र थप विद्युत् प्राधिकरणको लगानीसमेत ६ करोड रुपैयाँबाट वडाहरुमा बत्ती पुऱ्याउन विद्युत् पोल गाड्ने र तार तान्ने काम सुरु गरिएको थियो । विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले चेपाङलाई विद्युत् कार्यक्रममार्फत् ३० करोड रुपैयाँ बजेट व्यवस्थापन गरेर अभियानलाई अघि बढाइएको थियो ।

# धेद्रे खोलाको झोलुङ्गे पुल उद्घाटन



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको बकैया गाउँपालिका-१२ स्थित धेद्रे खोलामा निर्माण गरिएको झोलुङ्गे पुल उद्घाटन गरिएको छ । स्थानीय कालभैरब आधारभूत विद्यालयका विद्यार्थीको सुविधाका लागि निर्माण गरिएको झोलुङ्गे पुल सोमबार उद्घाटन गरिएको हो ।

गत वर्ष चाइल्ड रेस्क्यु नेपाल युकेको ४० लाख रुपैयाँ सहयोगमा पुल निर्माण गरिएको हो । पुल निर्माणका लागि बकैया गाउँपालिकाले प्राविधिक सहयोग गरेको छ । गत वर्ष संस्थाका पदाधिकारी कालभैरब विद्यालय अनुगमनमा आउँदा विद्यार्थी र स्थानीयबासीलाई वर्षायाममा आवतजावत गर्न कठिन भएको देखेपछि गत भदौमा पुल निर्माण सुरु भएको थियो ।

'विद्यालय आउने जाने बाटोमा पुल नहुँदा वर्षायाममा विद्यार्थीलाई खोलाले बगाउने हो कि भनेर अभिभावक चिन्तामा बस्नुपर्ने अवस्था अन्त्य भएको कालभैरब आधारभूत विद्यालयका प्रधानाध्यपक चेतबहादुर घलेले बताउनुभयो । छोटो समयमा पुल निर्माण गरिदिएको भन्दै उहाँले सहयोगी संस्थालाई धन्यवाद व्यक्त गर्नुभयो । हाल विद्यालयमा २० जना विद्यार्थी र ३ जना शिक्षक छन् ।

वडा अध्यक्ष ज्ञानेन्द्र बजगाईंको सभाध्यक्ष तथा गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको छ । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, पालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, चाइल्ड रेस्क्यु नेपाल युकेका कार्यकारी प्रमुख जोअना बेगालको विशिष्ट आतिथ्य थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पालिका अध्यक्ष लामिछानेले स्थानीय सरकारको दायित्व धेरै भएको तर केन्द्रीय सरकारले काम गर्ने वातावरण नबनाएको बताउनुभयो । स्थानीय सरकार र जनताको प्रत्यक्ष सम्पर्क हुने भएकाले स्थानीय सरकारसमक्ष सबै खालका समस्या आउने भएकाले सकेको समाधान गर्ने र नसकेको माथिलो निकायसम्म पुऱ्याउने उहाँले बताउनुभयो । चाइल्ड रेस्क्यु नेपाल युकेका कार्यकारी प्रमुख बेगाले विद्यालयका विद्यार्थीलाई काँधमा बोकेर खोला तारिरहेको तस्वीर देखेपछि संस्थाले पुल निर्माणका लागि सहयोग गरेको जानकारी दिनुभयो । संस्थाले विद्यालय भवन निर्माण गरेर शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको उहाँको भनाइ छ ।

# प्रदेश सभा सदस्य र राष्ट्रिय सभा अध्यक्षसहित संघीय सांसदसँग छलफल हुने

समाज संवाददाता

हेटौंडा : राष्ट्रिय सभा सदस्य र बागमती प्रदेशसभा सदस्य बीच छलफल हुने भएको छ । चैत २० मा छलफल हुने गरी सभामुख पाठकले बैठक आह्वान गर्नुभएको छ ।

प्रदेशसभाको अनुगमन, संसदको काम, संसदीय समितिको भूमिका लगायतका विषयमा छलफल गर्न राष्ट्रियसभाका अध्यक्ष नारायण प्रसाद दाहाल सहितका सांसदहरु आउने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो । २० गते ११ बजे अध्यक्ष दाहाल सहित राष्ट्रिय सभा सदस्य र प्रदेशसभा सदस्यहरु बीच छलफल हुने उहाँले बताउनुभयो ।

कानुन निर्माण, संघीय संसद र प्रदेश सभा बीचको तालमेल लगायतका विषयमा छलफल हुने गरी बैठक तय गरिएको उहाँले जानकारी दिनुभयो । प्रदेशसभाले निर्माण गरेका कानुन, कानुन कार्यान्वयनको अवस्था लगायतका विषयमा बैठकमा छलफल हुने सभामुख पाठकले बताउनुभयो । बैठक प्रदेश सभा भन्दा बाहिर हुने उहाँको भनाई छ ।

# एकादशी संस्कृति समाजको वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडाः त्रिशक्ति एकादशी संस्कृति समाज मकवानपुरको प्रथम वार्षिकोत्सव सम्पन्न भएको छ । प्रवचन कार्यक्रम आयोजना गर्दै समाजले वार्षिकोत्सव मनाएको हो ।

त्रिशक्ति एकादशी संस्कृति समाज मकवानपुरका अध्यक्ष रवीन्द्रप्रसाद सिग्देलको अध्यक्षता तथा समाजका संरक्षक रमानन्द गिरी स्वामीको प्रमुख आतिथ्यमा वार्षिकोत्सव मनाइएको छ । गुरुकुलम अभियानले समाजमा संस्कृति र संस्कारको जगेर्ना गर्न सहयोग पुऱ्याउने भएकाले अभियानलाई सार्थक बनाउन आवश्यक रहेको गिरीले बताउनुभयो ।

सोही अवसरमा पापामोचनी एकादशी पुजन कार्यक्रमसमेत भएको छ । गुरुकुल अभियानका अभियन्ता कपिलदेव सुवेदीलगायतको उपस्थिति रहेको थियो ।

# रुखबाट लडेर घाइते चीनमायाको मृत्यु

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको मन्थली नगरपालिका-१०, चनखुमा रुखबाट लडेर घाइते वृद्धाको मृत्यु भएको छ । मृत्यु हुनेमा ७० वर्षीया चीनमाया तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

गत बिहीबार बिहान १० बजेको समयमा चीनमाया खनायोको रुखबाट हाँगा काट्ने क्रममा लड्दा गम्भीर घाइते भएकी थिइन् । घाइते चीनमायालाई उपचारका लागि ललितपुरस्थित पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो । उपचारको क्रममा चीनमायाको सोमबार बेलुका ८ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# मकवानपुर पार्टी प्यालेस तथा क्याटरिङ्ग अध्यक्षमा अधिकारी

समाज संवाददाता

हेटौंडाः मकवानपुर पार्टी प्यालेस तथा क्याटरिङ्ग व्यवसायी संघको आइतबार सम्पन्न तेस्रो अधिवेशनले ध्रुव अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा मदनकुमार पोखरेल चयन हुनुभएको छ भने महासचिवमा ज्ञानेन्द्र अधिकारी चयन हुनुभएको छ ।

अधिवेशनबाट देवीप्रसाद चौलागाईं कोषध्यक्षमा चयन हुनुभएको छ । सदस्यमा अनिस वाग्ले, रिजन बर्तौला, प्रमोद उप्रेती, सन्दीप ढुङ्गाना, महेश ठकुरी, राजेशकुमार शर्मा र पारसमणि चयन हुनुभएको छ । सचिव पद रिक्त रहेकाले छिट्टै बैठक राखी सचिव चयन गर्ने निर्णय गरेको छ ।

मकवानपुर पार्टी प्यालेस तथा क्याटरिङ्ग व्यवसायी संघका अध्यक्ष दीपक अधिकारीको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा नेपाल राष्ट्रिय पार्टी प्यालेस तथा क्याटरिङ्ग व्यवसायी महासंघका अध्यक्ष तेबेन्द्ररत्न राक्यको प्रमुख आतिथ्य थियो ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# एएफयु महिला फुटबलको फाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको एएफयु ७ 'ए' साइड महिला फुटबल प्रतियोगिताको फाइनल समीकरण पूरा भएको छ । आयोजक टिम हेटौंडास्थित वन विज्ञान संकाय र कास्कीको प्राकृतिक श्रोत व्यवस्थापन क्याम्पस पुरनचौरबिच फाइनल खेल हुने भएको हो ।

मंगलबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा प्राकृतिक श्रोत व्यवस्थापन क्याम्पस पुरनचौरले प्राकृतिक श्रोत व्यवस्थापन क्याम्पस मरिणलाई टाइब्रेकरमा हराउँदै फाइनलमा प्रवेश गरेको छ । दोस्रो खेलमा वन विज्ञान संकायले प्राकृतिक श्रोत व्यवस्थापन क्याम्पस पाखिबासलाई हराउँदै फाइनलमा प्रवेश गरेको छ । प्राकृतिक श्रोत व्यवस्थापन क्याम्पस पाखिबासलाई टाइब्रेकरमा ३-२ गोल अन्तरले हराउँदै आयोजकले जीत निकालेको हो । प्लेयर अफ द म्याच आयोजक टिमका गोलकिपर मोनिका पल्ली मगर भइन् ।

नकआउट प्रणालीमा भएको प्रतियोगितामा वनविज्ञान संकाय अन्तर्गत रहेका आंगीक र सम्बन्धन प्राप्त ९ वटा कलेजको महिला टिमको सहभागिता रहेको छ । गतवर्ष पहिलो संस्करणको प्रतियोगिता चितवन जिल्लामा सञ्चालन भएको थियो । प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिकाले सहयोग गरेको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ५ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# स्वतन्त्र पत्रकार संघ बाँकेमा भण्डारी

समाज संवाददाता

हेटौंडा : स्वतन्त्र पत्रकार संघ बाँकेको अध्यक्षमा मन भण्डारी सर्वसम्मत चयन हुनुभएको छ । शनिबार सम्पन्न चौथो अधिवेशनबाट भण्डारीको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन गरेको हो ।

बाँके शाखा अध्यक्ष नमस्कार शाहको अध्यक्षतामा सम्पन्न अधिवेशनबाट उपाध्यक्षमा हेमराज भट्ट, सचिवमा माधव कार्की, सहसचिवमा शोभा थापा मगर र मुना बिष्ट चयन हुनुभयो । सदस्यमा रमेश सिटौला, तपेन्द्र मलाती, लोक बहादुर घर्ती र अशोक रावल चयन हुनुभयो । बाँकेमा २०६९ सालमा स्थापित स्वतन्त्र पत्रकार समाज पोखरामा केन्द्रीय कार्यालय भएको स्वतन्त्र पत्रकारहरुको संगठन स्वतन्त्र पत्रकार संघ नेपालमा आबद्ध भएको थियो । संघ कुनै पनि राजनीतिक आस्थासँग सम्बद्ध संघ, संगठनमा असंलग्न रहँदै आएका विभिन्न संचार माध्यमसँग आबद्ध संचारकर्मीहरुको साझा संस्था हो । पोखरामा केन्द्रीय कार्यालय रहेको स्वतन्त्र पत्रकार संघ मकवानपुरसहित देशका २५ जिल्लामा शाखा रहेको छ ।

अधिवेशनको उद्घाटन स्वतन्त्र पत्रकार संघ नेपालका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले गर्नुभएको थियो । निष्पक्ष र स्वतन्त्र पत्रकारिता संकटमा परिरहेको उल्लेख गर्नुहुँदै अध्यक्ष बास्तोलाले पत्रकारिताको संस्थागत विकासका लागि स्वतन्त्र पत्रकारितामात्रै विकल्प रहेको बताउनुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नविन गिरी, स्वतन्त्र पत्रकार संघ नेपालका पूर्ब लुम्बिनी प्रदेश संयोजक रमेश सिटौला, बास नेपालका केन्द्रीय अध्यक्ष लुना बुढाथोकी लगायतले बोल्नुभएको थियो ।

श्री दिव्यज्योति आधारभूत विद्यालय
हेटौंडा-९, मकवानपुर

सूचि दर्ता सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति २०८१/१२/०८

यस विद्यालयलाई आर्थिक वर्ष २०८२/८३ का लागि आवश्यक पर्ने वस्तु/सामान/परामर्श/सेवा आपूर्तिका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियमत १८ अनुसार तपसील अनुसारका कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा सूचि दर्ताका लागि निवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपसील
१) दर्ता प्रमाणपत्रको सम्पूर्ण प्रतिलिपि ।
२) करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३) निवेदन ।

प्रधानाध्यापक

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ